# मैवाखोला राजपत्र

## मैवाखोला गाउँपालिका

खण्ड (४) पुस २८ गते २०८२ साल (संख्य ७)

# एक घर एक फलफूल बगैँचा विकास कार्यविधि, २०८२

कार्यपालिकाबाट स्वीकृत मिमि २०८२।०९।२३

राजपत्र प्रकाशित मिमि २०८२।०९।२८

**प्रस्तावनाः** फलफूल खेतीमा उन्नत प्रविधिको प्रयोग गरी उत्पादन र उत्पादकत्व वृद्धि गर्दै व्यावसायीकरणमा टेवा पुऱ्याउन तथा उत्पादित वस्तुको व्यवस्थित भण्डारण तथा बजारीकरणका लागि फलफूल खेती कार्यक्रमले मैवाखोला गाउँपालिकाको समग्र कृषि प्रवर्द्धन र विकासको लागि मैवाखोला गाउँपालिकाको कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्द्धन ऐन, २०७९" को दफा ६५ को उपदफा (१) को (ग) ले दिएको अधिकार प्रयोग गरी स्थानीय सरकार मैवाखोला गाउँपालिकाले यो कार्यविधि बनाएको छ ।

परिच्छेद-१

प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम एक घर एक फलफूल बगैँचा विकास कार्यक्रम कार्यविधि, २०८२ रहेको छ।

(२) यो कार्यविधि स्वीकृत भएको मिति देखि लागु हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) "कार्यविधि" एक घर एक फलफूल बगैँचा विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२ सम्झनु पर्छ ।

(ख) "कार्यालय" भन्नाले मैवाखोला गाउँपालिकाको कार्यालयलाई सम्झनु पर्छ ।

(ग) "कृषि" भन्नाले कृषि, पशुपन्छी र मत्स्य क्षेत्र सम्झनु पर्छ ।

(घ) "शाखा" भन्नाले मैवाखोला गाउँपालिकाको कृषि विकास शाखा सम्झनु पर्छ ।

(ङ) "छनौट समिति" भन्नाले दफा ६ को उपदफा (३) बमोजिम गठित छनौट समिति सम्झनु पर्छ ।

(च) "प्रदेश" भन्नाले कोशी प्रदेश सम्झनु पर्छ ।

(छ) "निर्देशनालय" भन्नाले कृषि विकास निर्देशनालय/पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय सम्झनु पर्छ ।

(ज) "मन्त्रालय" भन्नाले प्रदेशको कृषि सम्बन्धी विषय हेर्ने मन्त्रालय सम्झनु पर्छ ।

**परिच्छेद-२**

**३.प्राविधिक पक्ष :**

क) मैवाखोला गाउँपालिकाले "एक घर एक फलफूल बगैँचा विकास कार्यक्रम" गर्न कृषक छनौट गरी कार्यक्रम सञ्चालन गर्नुपर्नेछ।

ख) न्यून आय भएका कृषि फर्म र कृषकलाई प्राथमिकतामा राखिनेछ ।

ग) छनौट भएका कृषकले कम्तीमा ३ रोपनी क्षेत्रफलमा खेती गर्नुपर्नेछ ।

घ) फलफूल खेती गर्दा नेपाल सरकारले सिफारिस गरे अनुसारको विरुवा, बिउ तथा मलखादको प्रयोग गर्नुपर्नेछ ।

ङ) यो कार्यक्रम छनौट भएका कृषक वा कृषि फर्ममा सञ्चालन हुनेछ ।

च) कार्यक्रम सञ्चालन यसै कार्यविधिमा उल्लेख भए बमोजिम हुनेछ ।

**४.आर्थिक पक्ष**

स्वीकृत वार्षिक बजेटको परिधिभित्र रही देहायका कार्यका लागि सत प्रतिशत अनुदान उपलब्ध गराउन सकिनेछ । कार्यक्रम सञ्चालन यसै कार्यविधिमा उल्लेख भए  बमोजिम हुनेछ।

क) फलफूलको आवश्यक विरुवा खरिद ।

ख) यन्त्र, उपकरण खरीद र सिँचाइ व्यवस्थापन ।

ग) ग्रेडिङ, प्याकेजिङ, लेबलिङ, सामग्री खरिद, भण्डारण र बजारीकरण ।

घ) कृषकले ढुवानी रकम १०० % व्यहोर्नु पर्नेछ ।

**५. कृषि फर्म तथा कृषक छनौट प्रक्रिया:** (१) गाउँपालिकाले फलफूल खेती सम्बन्धि विज्ञहरुद्धरा स्थलगत सम्भाव्यता अध्ययनबाट प्रप्त प्रतिवेदनका आधारमा वडा अनुसार पहिचान भएका अनुसूचि १ बमोजिमका उत्पादन क्षेत्रहरुमा यो कार्यक्रम कार्यान्वयन हुनेछ ।

(२)गाउँपालिकाले अनुसूचि २ बमोजिम कम्तीमा पन्ध्र दिने सूचना प्रकाशन गरी कार्यालय मार्फत आवेदन सङ्कलन गर्नु पर्नेछ र सो को जानकारी वेबसाईटमा समेत राखु पर्नेछ ।

(३) उपदफा (१) बमोजिमको सूचना अनुसार इच्छुक कृषि फर्म तथा कृषकहरुले अनुसूची-३ बमोजिमको ढाँचामा रित पूर्वक भरेको आवेदन फारम छनौट समितिको सचिवालयमा दर्ता गर्नु पर्नेछ ।

(४) ) उपदफा (२) बमोजिमको आवेदन दिदा कृषक वा फर्मले अनुसूची ४ बमोजिमको ढाँचामा प्रतिवद्धता समेत बुझाउनु पर्नेछ ।

(५) उपदफा (२) को प्रयोजनको लागि कृषि विकास शाखाले देहाय बमोजिम छनौट समितिको सचिवालयको रूपमा काम गर्नु पर्नेछ ।

(५) उपदफा (२) बमोजिम प्राप्त हुन आएका आवेदनहरुको सूचीकरण देहाय बमोजिम गर्नु पर्नेछ । सचिवालयलाई प्राप्त आवेदन रुजु र सो उपर छानबिन गरी सूचीकरण गर्ने । सूचीकरण भएका आवेदनहरुको मूल्ययाङ्कन तथा छनौट समितिले अनुसूची २ अनुसार व्यक्ति वा फर्मको छनौट गर्नु पर्नेछ ।

**६.मूल्याङ्कन तथा छनौट समिति**

(क) कार्यालयको प्रमुख - संयोजक

(ख) प्रशासान शाखा प्रमुख –सदस्य

(ग) पशु सेवा शाखा- सदस्य

(घ) कृषि विकास शाखा प्रमुख- सदस्य सचिव

**परिच्छेदः ३**

**७. कार्यक्रम सञ्चालन प्रक्रिया**

- सूचना प्रकाशन।
- सूचना अनुसारको निवेदन संकलन।
- प्राप्त प्रस्तावनाको आधारमा फिल्ड भेरिफिकेसन।
- मूल्याङ्कन समितिबाट मूल्याङ्कन।

**परिच्छेदः ४**

**८.फलफूल विरुवाको गुणस्तर मापदण्ड**

क) रोग किरा रहित स्वास्थ्य विरुवा हुनुपर्ने।

ख) उन्नत जातका बिरुवालाई प्राथमिकता दिनु पर्नेछ।

ग) विजु र कलमी दुवै प्रकारको बिरुवालाई आवश्यकता र सम्भाव्यता अनुसार प्राथमिकता दिनु पर्नेछ।

घ) नियन्त्रित जालीघर भित्र उत्पादित सुन्तला जात फलफूल बिरुवालाई प्राथमिकता दिनु पर्नेछ।

ङ) कफीको विरूवाको हकमा अनिवार्य पोलिव्यागमा हुनु पर्नेछ।

च) बिरुवाको उमेर र न्यूनतम उचाई निम्न बमोजिम हुनु पर्नेछः-

**विभिन्न फलफूलको विजु बिरुवाको न्यूनतम मापदण्डः**

| क्र.स. | फलफूल विरुवाको नाम | उमेर (वर्ष) | उचाई (फिट) |
|---|---|---|---|
| १ | सुन्तला | १-२ | १.५-२.५ |
| २ | कागती | १-२ | १-१.५ |
| ३ | एभोकाडो | १-२ | १-२ |
| ४ | कफी | १-२ | १-२ |
| ५ | लिचि | १-२ | १-२ |

**विभिन्न फलफूलको कलमी बिरुवाको न्यूनतम मापदण्डः**

| क्र.स. | फलफूल विरुवाको नाम | उमेर (वर्ष) | उचाई (फिट) |
|---|---|---|---|
| १ | किवी | १.५-२.५ | १-२ |
| २ | सुन्तला | १.५-२.५ | १.५-२.५ |
| ३ | कागती | १.५-२.५ | १-२ |
| ४ | एभोकाडो | १.५-२.५ | १.५-३ |
| ५ | आँप | १.५-२.५ | १.५-३ |
| ६ | लिचि | १.५-२.५ | १.५-३ |

**पालिकाबाट उपलब्ध गराउने अनुदानका विभिन्न जातका फलफूल विरूवा तथा जग्गा क्षेत्रफलको न्यूनतम मापदण्डः**

| क्र.स. | फलफूल विरुवाको नाम | विरुवाको परिमाण | जग्गाको क्षेत्रफल | फलफुलको विरुवा रोप्ने तरिका |
|---|---|---|---|---|
| १ | किवी | ३० वटा | ३ रोपनी | ६ x ५ मि. |
| २ | सुन्तला | ६० वटा | ३ रोपनी | ५ x ५ मि. |
| ३ | कागती | ६० वटा | ३ रोपनी | ५ x ५ मि. |
| ४ | एभोकाडो | २४ वटा | ३ रोपनी | ७ x ७ मि. |
| ५ | आँप (अम्रपालि, माल्दा) | २४ वटा | ३ रोपनी | ६ x ८ मि. |
| ६ | कफी | १०० वटा | ३ रोपनी | २ x ३ फि. |
| ७ | लिची | २६ वटा | ३ रोपनी | ८ x ८ मि. |

कार्यविधिमा उल्लेखित कार्यक्रमहरु मध्ये कृषि फर्म/ कृषकहरूलाई एक वटा कार्यक्रम अनुदान उपलब्ध गराई सके पछि कम्तीमा ३ वर्ष सम्म उक्त कार्यक्रम अनुदान उपलब्ध गराउन सकिने छैन। यस अघि ३ वर्ष सम्म कुनै पनि अनुदान नपाएको कृषि फर्म तथा कृषकहरुलाई प्राथमिकता दिइने छ। ३ रोपनी भन्दा कम मात्र जग्गा भएका कृषक तथा फर्मको हकमा वडाबाट सो भन्दा कम जग्गा भएको र अत्ति न्यून आय भएको कृषक भनि प्रमाणति सिफारिस समेत उपलब्ध गराउनु पर्नेछ।

**९. अनुगमन तथा मूल्याङ्कन**

गाउँपालिकाबाट अनुगमन तथा मूल्याङ्कन समितिले अनुगमन मूल्याङ्कन गर्नेछ।

**अनुसूची १**

क) वडा अनुसार पहिचान भएका फलफूल खेती उत्पादन हुने सम्भाव्यता क्षेत्रहरु ।

| वडा | फलफूलको विवरण | उचाई (मिटर) | उत्पादन हुने क्षेत्रहरु |
|---|---|---|---|
| १ | कफी, आँप, लिची, एभोकाडो, सुन्तला, कागती | ८००-१३०० मिटर | सागफारा, सुरबिरे, फट्याङ्ग्रे |
| | एभोकाडो, सुन्तला, कागती, किवी | १३००-१६०० मिटर | तेल्लाबुङ ,बरङ्ङ्ग |
| | किवी | १६००-२०००मिटर | चित्रे, मेहेलटार |
| २ | कफी, आँप, लिची, एभोकाडो, सुन्तला, कागती | ९००-१२०० मिटर | तेम्बे |
| | एभोकाडो, सुन्तला, कागती, किवी | १२००-१५०० मिटर | हात्तिखावा, लुकुवा |
| | किवी | १५००-२५०० मिटर | ठोट्ने, लालि, मुढे, भुसुने |
| ३ | कफी, आँप, लिची, एभोकाडो, सुन्तला, कागती | १०००-१३०० मिटर | तुम्बे टोल क्षेत्र |
| | एभोकाडो, सुन्तला, कागती, किवी | १३००-१६०० मिटर | गौतम डाँडा, कोल डाँडा, साँघुपाटी बुङ्धाक |
| | किवी | १६००-२५०० मिटर | मानेडाँडा, ताङ्सादेन |
| ४ | कफी, एभोकाडो, सुन्तला, कागती | १२००-१४०० मिटर | घिमिरे गाँउ, रिफाइले |
| | एभोकाडो, किवी | १४००-२५०० मिटर | सौरेनी, ताम्राङ, भलुखोप, मालिङ्गेनी |
| ५ | कफी, आँप, लिची, एभोकाडो, सुन्तला, कागती, | ९००-१३०० मिटर | खार्ते यदे, नुम्लोक, घोरेटार, फाकुम्बा |
| | एभोकाडो, सुन्तला, कागती, किवी | १३००-१६०० मिटर | देवलढुङ्गा, फुन्द्रा |
| | किवी | १६००-२५०० मिटर | कामसाङ, चिम्फाक, खानीगौडा |
| ६ | कफी, आँप, लिची, एभोकाडो, सुन्तला, कागती | ९००-१३०० मिटर | हाम्फाबुङ, तेङ्बुङ्ग, साङलुपा |
| | कफी, एभोकाडो, सुन्तला, कागती | १३००-१७०० मिटर | तेङ्कबुङ्ग, साङलुपा |
| | किवी | १७००-२५०० मिटर | भित्ते, रानीवन, साम्तोङ |

**अनुसूची २**

प्रथम पटक प्रकाशित मिति २०८....../......./......

सूचना! सूचना!! सूचना!!!

यस ताप्लेजुङ जिल्ला मैवाखोला गाँउपालिका कृषि विकास शाखाको आर्थिक वर्षको स्वीकृत कार्यक्रम अनुसार एक घर एक फलफूल बगैंचा विकास कार्यक्रम रहेकाले कार्यान्वयनमा सहभागी हुनका लागि यस गाउँपालिका भित्रका इच्छुक कृषि फर्म/कृषकले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र यसै सूचनामा उल्लेखित आवश्यक कागजातहरु संलग्न गरी गाँउपालिकाको कार्यालयमा आवेदन पेश गर्नु हुन सूचित गरिन्छ। साथै रित नपुगी दर्ता भएका आवेदनहरु छनौट प्रकृयामा समावेश गरिने छैन।

थप जानकारीको लागि यस गाँउपालिकाको कार्यालय वा कृषि विकास शाखाको सम्पर्क नं.................मा सम्पर्क गर्नुहुन अनुरोध छ।

**आवश्यक कागजातहरु**

**१, व्यक्तिको हकमा:-**

क) आवेदन पत्र १ प्रति (यस कार्यविधिको अनुसूची ३ बमोजिम)
ख) प्रतिवद्धता पत्र १ प्रति अनुसूची४ बमोजिम।

ग) वडा कार्यालयको सिफारिस।

घ) कृषकहरुमा जग्गा धनी पूर्जाको छाँया प्रति १ थान।

ङ) व्यक्ति स्वयेमको जग्गा धनी पूर्जा नभएमा (एका घर भए मन्जुरीनामा, अंशियारको जग्गा धनी पूर्जा छाँया प्रति १ थान वा लिजमा भए जग्गा धनी पूर्जा छाँया प्रति १ थान र न्यूनतम १० वर्षको सम्झौता पत्र छाँया प्रति १ थान)

च) नागरिकताको छाँया प्रति १ थान।

छ) खाल्टा, मलखाद, सिँचाई र जग्गा तयारीको फोटो प्रति।

ज) ट) सिँचाईको उपलब्धता भए सो को अवस्था झल्कने फोटो प्रति।

झ) मैवाखोला गाँउपालिकाको फलफूल तथा तरकारी बालीको स्थलगत रुपमा सम्भाव्यता अध्ययन प्रतिवेदनको आधारमा तोकिएको हावा पानी र सिफारिस गरिएका क्षेत्रका कृषि फर्म/ कृषकहरुलाई प्राथमिकतामा राखिनेछ।

**२, कृषि फर्मको हकमा:-**

क) आवेदन पत्र १ प्रति (यस कार्यविधिको अनुसूची ३ बमोजिम)।
ख) प्रतिवद्धता पत्र १ प्रति अनुसूची ४ बमोजिम।

ग) फर्म दर्ता प्रमाण पत्र छाँया प्रति १ प्रति र नवीकरण गरेको प्रमाण।

घ) वडा कार्यालयको सिफारिस।

ङ) कृषकहरुमा जग्गा धनी पूर्जाको छाँया प्रति १ थान।

च) फरमको नाम जग्गा धनी पूर्जा नभएमा (एका घर भए मन्जुरीनामा वा लिजमा भए न्यूनतम १० वर्षको सम्झौता पत्र)

छ) नागरिकताको छाँया प्रति १ थान।

ज) स्थायी लेखा नम्बरको छाँया प्रति १ थान।

झ) कर चुक्ता प्रमाण पत्रको छाँया प्रति १ थान।

ञ) खाल्टा, मलखाद र जग्गा तयारीको फोटो प्रति।

ट) सिँचाईको उपलब्धता भए सो को अवस्था झल्कने फोटो प्रति।

ठ) मैवाखोला गाँउपालिकाको फलफूल तथा तरकारी बालीको स्थलगत रुपमा सम्भाव्यता अध्ययन प्रतिवेदनको आधारमा तोकिएको हावा पानी र सिफारिस गरिएका क्षेत्रका कृषि फर्म/ कृषकहरुलाई प्राथमिकतामा राखिनेछ।

## अनुसूची ३

**आवेदन फाराम मितिः**

श्रीमान प्रमुख प्रशासकीय अधिकृत ज्यू,
मैवाखोला गाउँपालिका साँघु, ताप्लेजुङ

विषयः प्रस्ताव पेश गरिएको बारे।

तहाँ मैवाखोला गाउँपालिका कृषि विकास शाखाको मिति................................ मा प्रकाशित सूचना अनुसार म निवेदकले एक घर एक फलफूल बगैंचा विकास कार्यक्रम सञ्चालन गर्न इच्छुक भई आवश्यक कारवाहीको लागि यो निवेदन पेश गरेको छु।

निवेदक
दस्तखतः
मितिः
सम्पर्क नं.
प्रस्तावकको नाम थरः
स्थायी ठेगानाः
प्रस्तावित कार्यक्रमको नाम :

कार्यक्रम सञ्चालन हुने स्थानको पूरा ठेगानाः
सिँचाईको उपलब्धता के छ ?......................
**संलग्न कागजातहरुको सूचीः**

| क्र.स. | संलग्न कागजातहरुको विवरण | संख्या |
|---|---|---|
| १, | | |
| २, | | |
| ३, | | |

## अनुसूची ४

श्रीमान प्रमुख प्रशासकीय अधिकृत ज्यू
मैवाखोला गाउँपालिकाको कार्यालय साँघु, ताप्लेजुङ

मिति २०८..../......../...........

विषयः- प्रतिवद्धता गरिएको सम्बन्धमा ।

प्रस्तुत विषयमा ताप्लेजुङ जिल्ला मैवाखोला गाउँपालिका वडा नं....... बस्ने म.......................ले एक घर एक फलफूल बगैँचा विकास कार्यक्रम सहभागी भई मेरो जग्गामा एक फलफूल बगैँचा निर्माण गरी म आर्थिक आय आर्जनमा लाग्ने छु र कुनै पनि रसायनिक विषादी र मलको प्रयोग नगरी दिगो कृषि खेती र अर्गानिक फलफूल उत्पादनका लागि समृद्ध मैवाखोला गाउँपालिका निर्माण गर्न प्रतिवद्धता जाहेर गर्दछु ।

निवेदक
फर्म/व्यक्तिको नामः-
प्रोपाईटरको नामः-
ठेगानाः-
फोन नं.

**आज्ञाले**
**लक्ष्मीमाया गोम्देन**
**प्रमुख प्रशासकीय अधिकृत**